शारदा नगरपालिका वडा नम्बर ९ को आ.व. २०८१/०८२ को दोश्रो चौमासिक सम्म सम्पन्न भएका योजना, विकास निर्माण र सेवा प्रवाहको विषयमा आयोजित

*प्रथम चौमासिक सार्वजनिक सुनुवाइ*

२०८१ चैत्र २८ गते

# प्रगति-प्रतिबेदन




## आयोजक

शारदा नगरपालिका वडा नं. ९, सल्यान

## सहजिकरण

बास नेपाल

## शारदा नगरपालिका वडा नं. ९ को आ.व. २०८१/०८२ को दोश्रो चौमासिक सम्म सम्पन्न भएका योजना, विकास निर्माण र सेवा प्रवाहको विषयमा आयोजित

*प्रथम चौमासिक सार्वजनिक सुनुवाइ*
२०८१ कार्तिक २९ गते

# प्रतिवेदन

**१. सहजिकरण गर्ने संस्थाको परिचय :–**

बागेशवरी असल शासन क्लब (बास नेपाल) बिगत २४ बर्ष देखि सामाजिक रुपान्तरणका लागि क्रियाशिल गैर सरकारी संस्था हो । २०५७ मंसिर २४ गते स्थापित यो संस्था देशमा ब्याप्त भ्रष्टाचार, अनियमितता, ढिलासुस्ति, घुसखोरी जस्ता बेथितिका बिरुद्ध ससक्त रुपमा क्रियाशिल रहँदै आएको छ । ७७ जिल्ला शाखा, ४९ उपशाखा, ६३ ईकाइ र ५००० भन्दा बढी युवाहरु आबद्ध भएको यस संस्थाले असल शासन, सामाजिक जवाफदेहिता, सामाजिक सद्भाव, सामुदायिक सुरक्षा, युवा सशक्तिकरण, स्वयंसेवा, बाल अधिकार, बाल संरक्षण, लैंगिक हिँसा न्यूनिकरण, सामुदायिक सशक्तिकरण, सञ्चार र संस्थागत बिकासका क्षेत्रमा काम गर्दै आईरहेकोछ । बास भ्रष्टाचार बिरुद्धको बिश्वव्यापी संस्था ट्रान्सपरेन्सी ईण्टरनेशन नेपालको आबद्ध संस्था हो ।

समाज कल्याण परिषद काठमाण्डौं, ट्रान्सपरेन्सी ईन्टरनेशनल नेपाल काठमाण्डौं, गो-गो फाउण्डेसन, गैर सरकारी संस्था महासंघ नेपाल, गैर सरकारी सँस्था नेटवर्क लगायतका निकाय तथा संस्थामा आबद्ध यस संस्थाले बिभिन्न सरकारी निकाय, गैरसरकारी संघ, संस्था तथा अन्तराष्ट्रिय संघ, संस्था, स्थानीय सरकार, निजी क्षेत्रसँगको सहकार्य र सहयोगमा काम गरिरहेको छ ।

**२. कार्यक्रमको पृष्ठभुमि :–**

राज्य संचालनको गुणस्तरियताले जनताको जीवनमा निरन्तर प्रभाव पार्दछ । लोकतन्त्रमा सरकारले नागरिकप्रति जवाफदेहि भएर उनिहरुको चित्त बुझाउनु पर्दछ । सार्वजनिक निकायमा बस्नेहरुले कस्तो काम गरिरहेका छन् भनेर नागरिकले चासो राखिरहेका हुन्छन् । त्यसैले राज्य संयन्त्रबाट दिइने सेवा, सुविधा र बस्तुको गुणस्तरका वारेमा सार्वजनिक मञ्चबाट नागरिकले उठाएका प्रश्नको उत्तर दिनु सार्वजनिक पद धारण गरेका ब्यक्तिहरुको जवाफदेहिता अन्तर्गत पर्दछ । यस्तो जवाफदेहिता अधिकारमा बसेका जिम्मेवार ब्यक्ति र सेवाग्राहि नागरिकका विच गरिने सार्वजनिक सुनुवाईका माध्यामबाट खोज्न सकिन्छ । यसरी संचालन गरिने सार्वजाीक सुनुवाईबाट सार्वजनिक निकायहरुलाई उनिहरुले गरेको कामको पृष्टपोषणपनि हुन्छ ।

यसले स्थानीय नागरिकहरुमा विकास योजना प्रति अपनत्वको भावना विकास गर्नुका साथै पारदर्शिताको अभ्यास गर्दछ । आफ्नो कार्यालयले चौमासिक तथा वर्ष भरीमा सञ्चालन गरेका गतिविधिको प्रभावकारीताका लागि अनिवार्य सार्वजनिक सुनुवाई गर्नु पर्ने राज्यले व्यवस्था गरे अनुसार स्थानिय निकाय सार्वजनिक सुनुवाइ कार्यविधि २०६७ समेत लागु भएको थियो । सुनुवाईमा पछाडिपरेका, दलित, अल्पसंख्य, अपाङ्ग सर्वसाधारण नागरिकहरुको उपस्थिती उल्लेखनीय हुनु पर्दछ । हाल सार्वजनिक सुनुवाइलाई बिभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुले अबलम्बन गरेर आफ्ना कार्यक्रम बनाएर सञ्चालन गरी रहेका छन् । सुशासन ऐन, २०६४ को दफा ३० मा सार्वजनिक सुनुवाई गराउनु पर्ने व्यवस्था गरी कानूनी व्यवस्था गरिएको छ । त्यसैगरी सुशासन नियमावली, २०६५

को नियम १९ ले सार्वजनिक निकायले प्रत्येक ४ महिनामा कम्तिमा एउटा सुनुवाई गर्नु पर्ने व्यवस्था गरेको छ । अहिले देश संघिय संरचना अनुसार संचालित छ । हाल सबै कामहरु स्थानीय तहहरु मार्फत संचालन भइरहेको बर्तमान अवस्थामा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सार्वजनिक जवाफदेहिता प्रबर्द्धन कार्यविधि २०७७ (नमुना) जारि गरेको छ । उक्त कार्यबिधिमा स्थानीय तहको सार्वजनिक सुनुवाईको कुरालाई महत्वका साथ उठाएको छ । उक्त नमुना कार्यबिधिको आधरामा **शारदा नगरपालिकाले सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धिको कार्यविधि २०८१** बनाइ कार्यान्वयनमा ल्याएको छ । नगरपालिकाको सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धिको कार्यविधि २०८१ मा सार्वजनिक सुनुवाइको व्यवस्था गरेको छ । स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० को दफा ७८ को उपदफा ५ मा स्थानीय सरकारले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही वनाउन सार्वजनिक सुनुवाई, गर्नुपर्ने ब्यवस्था गरिएको छ । शारदा नगरपालिकाको सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धिको कार्यविधि २०८१ अनुसार नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ मा सञ्चालन गर्नुपर्ने वडा स्तरिय सार्वजनिक सुनवाइ अन्तर्गत वडा नं. ९ को सार्वजनिक सुनुवाइ सम्पन्न भएको छ ।

**३. कार्यक्रमका उद्धेश्यहरु :**

- वडाको काम कारबाही बारे वडाबासिहरुलाई जानकारी गराउने ।
- वडाले प्रदान गर्ने सेवा र सुबिधाका बारेमा छलफल/बहस गर्ने ।
- वडासंग सम्बन्धित गुनासोहरु सुनुवाई गरि गुनासो व्यवस्थापन गर्ने ।
- वडाले प्रदान गर्ने सेवा र सुबिधाको प्रभाबकारिताका बारेमा पृष्टपोषण लिने ।
- वडाको चौमासिक गतिबिधिहरुको समिक्षा गरि भावि कार्ययोजनाका लागि सुझाब संकलन गर्ने ।
- सेवाग्राहीबाट आएका गुनासोको सुनुवाई गर्न साझा सार्वजनिक प्रतिवद्धताको घोषणा गर्ने ।

**४. सार्वर्जजनिक सुनुवाई संचंचालनका क्रममा अवलम्बन गरिएका विधिहरु :**

शारदा नगरपालिका वडा नं. ९ ले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारिता बिषयक सार्वजनिक सुनुवाई गर्नु पूर्व निम्न बिधिहरु अवलम्बन गरिएको थियो :

***क. सहजिकरण गर्ने संस्थाको छनौट तथा सम्झौता :*** विगतका बर्षहरु देखिनै बिभिन्न स्थानीय तहको सार्वजनिक सुनुवाईको सहजिकरणको जिम्मेवारी सम्हाल्दै आएको बास नेपाल र शारदा नगरपालिका बिच शारदा नगरपालिका वडा नं. ९ को आ.व. २०८१/०८२ मा सञ्चालन गर्नुपर्ने चौमासिक सार्वजनिक सुनुवाइ गर्नका लागि सम्झौता भएको थियो ।

***ख. ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन :***

सार्वजनिक सुनुवाइ कार्यक्रम गर्नु पुर्व नगरपालिकाका, वडाका प्रतिनीधि र सहजिकरणको जिम्मा पाएको संस्थाका प्रतिनिधिहरुले स्थानीय सरकार संचालन ऐन २०७४, सुशासन ऐन २०६४ तथा नियमावली, २०६५, शारदा नगरपालिकाको सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धिको कार्यविधि, २०८१, लगायतका कार्यविधि र निर्देशिकाहरुको विस्तृत अध्ययन गरिएको थियो ।

*ग. सार्वर्जजनिक सुनुवाइको लागि सूचना तथा प्रचार प्रसार र पत्राचार :*

सार्वजनिक सुनुवाई कार्यक्रम संचालन हुने विषयमा सार्वजनिक सुनुवाई कार्यक्रमको व्यापक सूचना प्रबाह र प्रचार प्रसारको लागि वडामा सबैलाई सार्बजनिक सुचना एक हप्ता अगाडी देखि गरिएको थियो । आम नागरिकहरुको व्यापक सहभागिताका लागि कार्यक्रम हुनु अगाबै सार्वजनिक सूचना प्रकाशन, टाँस, निमन्त्रणा पत्र बितरण तथा

पत्राचार समेत गरिएको थियो भने सामाजिक सञ्जाल मार्फत सूचना सम्प्रेषण गरिएको थियो । बिशेष गरि वडा कार्यालय र बास स्वयंमसेवकहरु मार्फत आम नागरिकहरुलाई आमन्त्रण गरिएको थियो ।

*घ. मिति, समय र स्थान निर्धारण :*

वडा कार्यालय र बास बिच छलफल पश्चात शारदा नगरपालिका वडा नं. ९ को वडा कार्यालयको प्रांगणमा २०८१ चैत्र २८ गते बिहिवारका दिन बिहान ११.०० बजे देखि कार्यक्रम गर्ने समय निर्धारण गरिएको थियो ।

*ङ. नागरिक प्रतिबेदन पत्र तथा बर्हिगमन अभिमत संकलन :*

शारदा नगरपालिका वडा नं. ९ ले दिने सेवा तथा सुविधाको बिषयमा ५० जना सेवाग्राहीहरुबाट नागरिक प्रतिबेदन पत्र र ५० जनाबाट बर्हिगमन अभिमत संकलन गरिएको थियो । सो अभिमतको नतिजा सार्वजनिक सुनुवाइमा प्रस्तुत गरिएको थियो ।

*च. सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन*

शारदा नगरपालिका वडा नम्बर ९ को आ.व. २०८१/०८२ को दोश्रो चौमासिक अवधिसम्म सम्पन्न भएका योजना, विकास निर्माण र सेवा प्रवाहको विषयमा सार्बजनिक सुनुवाई सम्पन्न भएको छ । शारदा नगरपालिका वडा नम्बर ९ को आयोजना र बास नेपालको सहजीकरणमा शारदा नगरपालिका वडा नम्बर ९ ले प्रदान गर्ने सेवा र सुबिधाको प्रभावकारीता बिषयक सार्बजनिक सुनुवाई वडा नम्बर ९ को प्राङ्गणमा २०८१ चैत्र २८ गते सम्पन्न भएको हो । सार्बजनिक सुनुवाईमा सहभागीहरुले वडामा पिउने पानीको समस्या भएको, बिभिन्न टोलमा अझै सम्म पनि बिद्युत बिस्तार हुन नसकेको, जैतपानी धिरुवा जोडने सडक देखी अन्य केही टोलमा सडक बिस्तार नभएकाले धेरै समस्या भएको, गिटी बालुवा ढुवानीले गर्दा नजिकका खेतबारीहरुमा समस्या आएको, सिपमुलक तालिमहरु सञ्चालन नभएको, बाल बिबाह बढ्दै गएको लगायतका समस्या तथा प्रश्न राखेका थिए ।

सहभागीहरु गरेको प्रशनको जवाफ दिदै शारदा नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत ओम प्रकास देवकोटाले बिद्युतको समस्या वडा नम्बर ९ को मात्र नभई अन्य वडामा पनि भएको र यसको समाधानका लागि पालिकाले बिद्युत प्राधिकरण सँग समन्वय भैरहेकाले तत्कालै त्यसको समाधान हुने बताए । पिउने पानीको समाधानका लागि पनि समग्र पालिका स्तरिय टेन्डर आवहान् भैसकेको र वडा नम्बर ९ मा पनि उक्त समस्या समाधान गर्न पालिका लागि परेको प्रमुख प्रशासकिय अधिकृत देवकोटाको भनाइ थियो । त्यस्तै सहभागिहरुकै जिज्ञाशाा मेटाउदै कार्यक्रमका सरोकारवाला वडा नं. ९ का वडा अध्यक्ष हेमेन्द्र कुमार बुढाथोकीले वडाका समग्र समस्या समाधानका लागि आफु लागिपरेको र हामीलाई सही मार्गमा निर्देशन गर्न हरेक नागरिकहरुको सल्लाह सुझावहरुको आबश्यक रहेको बताए । कार्यक्रममा जिल्ला समन्वय समितिका सदस्य चेतन गिरले वडाको समग्र विकासका लागि आफुहरु लागि परेको बताउदै वडाका समस्याहरु क्रमिक रुपमा समाधान हुदै जाने बताए ।

झण्डै २ घण्टा सम्म चलेको कार्यक्रममा प्रमुख सरोकारवालाहरुको रुपमा शारदा नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत ओम प्रकाश देवकोटा, योजना शाखा प्रमुख केसर बहादुर बुढथोकी, आर्थिक प्रशासन शाखा प्रमुख श्याम बहादुर सिंह, वडा अध्यक्ष हेमेन्द्र कुमार बुढाथोकी, जिल्ला समन्वय समितिका सदस्य चेतन गिरी, वडा सदस्य धनी कुमारी बोहोरा, दिलमाया बिक,बेलधर बुढा वडा सचिव माधव वली, स्वास्थ्य चौकी ईन्चार्ज खिमा श्रेष्ठ रहेका थिए भने उक्त कार्यक्रममा १ सय चालिस बढीको उपस्थिति रहेको थियो ।

सार्वजनिक सुनुवाइमा ६ बुद्धे साझा सार्बजनिक प्रतिबद्धताको घोषणा गरिएको छ । प्रतिबद्धताहरुमा वडामा पिउने पानीको समस्या समाधानका लागि पहल भई समन्वय भैसकेकाले तत्कालै आबश्यक सहजीकरण गर्ने, वडाको खोलमेला लगायत बिभिन्न ठाउँमा बिद्युतको समस्या भएकाले उक्त समस्या भएकाले उक्त समस्या समाधानका लागि नगरपालिका र बिद्युत प्राबिधिकरण बिच समन्वय भईरहेकाले समस्या समाधानका लागि थप पहल गर्ने, पालिकाको बिभिन्न ठाउँमाका बिरामीहरुलाई सेवा दिन पालिकाले एम्बुलेन्स सेवा प्रदान गर्ने उद्धेश्यका साथ काम भएकाले तत्कालै एम्बुलेन्स सेवा प्रदान गर्ने, जैतपानी धिरुवा जोड्ने सडक बिस्तारका लागि डिपिआर भैसकेकाले उक्त सडकका साथै नयाँ बस्ती जोड्ने सडक सञ्चालनका लागि योजना बनाउने, वालबिवाह न्युनिकरणका लागि पालिकाले रणनिति योजना बनाईसकेकाले सोही अनुरुप काम गर्ने, सिपमुलक र क्षमता बिकासका लागि तालिम सञ्चालनका लागि आगामी बर्ष कार्यक्रम तय गरी नगरपालिकाका लाई अनुरोध गर्ने रहेका छन् ।

बास नेपालका कार्यक्रम प्रबन्धक मन भण्डारीले सहजिकरण गरेका कायक्रममा वडा सचिव माधव वलीले वडाको प्रगति प्रतिबेदने प्रस्तुत गरेका थिए भने नागरिक प्रतिबेदन र बर्हिगमन अभिमत बास नेपालका जन सम्पर्क अधिकृत माधव कार्कीले प्रस्तुत गरेका थिए ।

<u>तस्विरमा सुनुवाई :</u>






सुनुवाइ सहजिकरण गर्दै सहजकर्ता मन भण्डारी बायाँ तथा प्रतिवेदन प्रस्तुत गर्दै प्रमुख प्रशासकिय अधिृत ओम प्रकाश देवकोटा दायाँ ।






सुनुवाईमा जवाफ दिदै जिसस सदस्य चेतन गिरी बायाँ र प्रश्न गर्दै सहभागि दायाँ ।




सुनुवाइका सहभागिहरु बायाँ तथा प्रतिवेदन प्रस्तुत गर्दै वडा सचिब माधव वली दायाँ ।

### *ज. सार्वजनिक सुनुवाइमा उठान भएका सवालहरु*

सार्वजनिक सुनुवाइमा गुणस्तरिय शिक्षा तथा स्वास्थ्य सेवा, बाटो तथा सडक निर्माण नभएको, लक्षित वर्ग केन्द्रित कार्यक्रम, बिधुत र खानेपानी समस्या, योजना तर्जुमा प्रक्रिया, नाला व्यवस्थापन, लगायतका  बिषयहरुमा जिज्ञाशा, गुनासो तथा प्रश्न राखेका थिए भने सरोकाकारवालाहरुले सहभागिको प्रश्नको जवाफ दिएका थिए ।

### ५. सार्वजनिक सुनुवामा सहभागिहरु उपस्थिती संख्या:

शारदा नगरपालिका वडा नं. ९ को आयोजना र बास नेपालको सहजिकरणमा सम्पन्न सार्वजनिक सुनुवाई कार्यक्रममा वडाबाट आम नागरि, वडा कार्यालयका पदाधिकारी, सदस्यहरु, बिभिन्न सञ्जालका प्रतिनिधि, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, शिक्षक, विद्यार्थी, बुद्धिजिबी, विभिन्न संघ, संस्थाका प्रतिनिधी लगायत गरी ११३९ जनाको सहभागिता रहेको थियो । जस्मा महिला ५४ जना र पुरुष ८५ जनाको सहभागिता थियो । जस्मा दलित २५ जना, जनजाती ६४ जना,  अन्य ५० जनाको सहभाति रहेको थियो ।

### ६. जवाफदेहि बक्ताहरु:

**सार्वजनिक सुनुवाई कार्यक्रममा तपसिल अनुसारका जबाफदेहि बक्ताहरुको अर्थपूर्ण सहभागिता रहेको थियो ।**

| क्र.स. | नाम | पद | निकाय |
|---|---|---|---|
| १. | ओम प्रकाश देवकोटा | प्रमुख प्रशासकिय अधिकृत | शारदा नगरपालिका |
| २. | हेमेन्द्र कुमार बुढाथोकी | वडा अध्यक्ष | शारदा नगरपालिका वडा नं. ९ |
| ३. | केसव बहादुर बुढथोकी | योजना शाखा प्रमुख | शारदा नगरपालिका |
| ४. | श्याम बहादुर सिंह | आर्थिक प्रशासन शाखा प्रमुख | शारदा नगरपालिका |
| ५. | चेतन गिरी | जिसस सदस्य | सल्यान |
| ६. | धनी कुमारी बोहोरा | वडा सदस्य | शारदा नगरपालिका वडा नं. ९ |
| ७. | दिलमाया बिक | वडा सदस्य | शारदा नगरपालिका वडा नं. ९ |
| ८ | बेलधर बुढा | वडा सदस्य | शारदा नगरपालिका वडा नं. ९ |
| ९ | माधव वली | वडा सचिव | शारदा नगरपालिका वडा नं. ९ |

## ७. कार्यक्रमका उपलब्धिहरु :

- वडाको काम कारबाही बारे नागरिकहरुलाई जानकारी गराउने काम भएकोछ ।
- वडाले प्रदान गर्ने सेवा र सुबिधाका बारेमा छलफल/बहस गर्ने काम भएको छ ।
- वडासंग सम्बन्धित गुनासोहरु सुनुवाई गरि गुनासो व्यवस्थापन गर्ने काम भएकोछ ।
- वडाले प्रदान गर्ने सेवा र सुबिधाको प्रभाबकारिताका बारेमा पृष्टपोषण लिने काम भएकोछ ।
- चौमासिक गतिबिधिहरुको वारेमा जानकारी तथा समिक्षा गरि भावि कार्ययोजनाका लागि सुझाब संकलन गर्ने काम भएको छ ।
- सेवाग्राहीबाट आएका गुनासोको सुनुवाई गर्न ६ बुदे साझा सार्वजनिक प्रतिवद्धताको घोषणा गरिएको छ ।

*अनुसूची १*

*सार्वजनिक सुनुवाइमा जारी गरिएका सहभागि तथा जबाफदेहिबक्ताले पालना गर्नुपर्ने आचारसंहिता :*

१. सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।

२. सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।

३. सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो परिचय सहित प्रश्न, जिज्ञासा वा सुझाब के हो राख्नुपर्नेछ ।

४. सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदांगत रुपमा छोटकरीमा प्रश्न प्रतिक्रिया राख्नु पर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बिते पछि तत्काल प्रस्तुती रोक्नुपर्नेछ ।

५. आफू भन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुने छैन ।

६. चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाईनेछ ।

७. सहभागीले बिना आधार कसै प्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाईने छैन ।

८. सुनुवाईका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाई राख्न वा बोल्न पाईने छैन ।

९. सुनुवाईलाई बिथोल्ने प्रयास कतैबाट भएको पाईएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधानखोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।

१०. सुनुवाईलाई विषयान्तर हुनबाट जोगाउन सबै सहभागि सचेत हुनु पर्नेछ ।

अनुसुची २

नागरिक प्रतिवेदन पत्र **(citizen Report Card)** को नतिजा

**जम्मा : ५० जना**

| | |
|---|---|
| 1 | तपाइँले यस वडा कार्यालयबाट सेवा लिदा समग्रमा कतिको सन्तुष्ट हुनुहुन्छ ?<br>ठीकै )98%) सन्तुष्ट (0%) असन्तुष्ट )2%) |
| 2 | सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?<br>ठीकै )100%) सन्तुष्ट (0%) असन्तुष्ट )0%) |
| 3 | कार्यालयमा नियमित रुपमा पदाधिकारी र कर्मचारीको उपस्थिति, समय पालना, कार्य चुस्तता पाउनु भएको छ ?<br>छ (86%) छैन (14%) |
| 4 | तपाईले सेवा लिन जाँदा लाग्ने शुल्क बाहेक अतिरिक्त रकम तिर्नु भयो ?<br>तिरेको छैन )100%) एकदमै कम )0%) धेरै तिरको )0%) |
| 5 | यस कार्यालयमा तपाईको समस्या कति दिनमा समाधान भयो ?<br>१ दिन )86%) २ दिन )14%) धेरै दिन )0%) |
| 6 | यस कार्यालयमा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ ?<br>ठीकै विश्वास छ (100%) धेरै विश्वास छ )0%) विश्वास छैन )0%) |
| 7 | यस कायार्लयले विपन्न वर्गको लागि छुट्याएको सेवा तथा वजेट प्रयोग गरेको थाहा पाउनु भएको छ ?<br>छ (4%) छैन (96%) |
| 8 | यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी तथा कत्तिको प्रचार गर्नु भएको छ ?<br>गरेको छैन )26%) ठिकै गर्ने गरेको छुँ )74%) सके सम्म गर्ने गरेको छुँ )0%) |
| 9 | तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?<br>कसैको सहयोग नलिई आफै )16%) गाउँका ठूलाबडा )84%) |
| 10 | वडा कार्यालयको भौतिक अवस्था कस्तो छ ?<br>अति राम्रो छ )0%) ठीकै छ )100%) खराब छ )0%) |
| 11 | वडामा सञ्चालन गरिने सावर्जनिक कार्यक्रममा सीमान्तकृत वर्गको उपस्थिति कति प्रतिशत सम्म हुने गरेको छ ?<br>२० प्रतिशत )2%) सहभागिता हुँदैन) 98%) |
| 12 | कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?<br>ठीक ठीकै छ )100%) सुमधुर सम्बन्ध छ (0%) खासै राम्रो छैन )0%) |
| 13 | नीति, नियम, निर्देशिका र मापदण्ड तर्जुमा गर्दा छलफलमा सबै वडा जनप्रतिनिधिको प्रतिनिधित्व भएको थाह पाउनु भएको छ ?<br>ठिकै छ )98%) प्रतिनिधित्व साह्रौ कम भएको छ) 2%) |
| 14 | तपाइको विचारमा सेवाग्राहीले नागरिक वडा पत्रको उपयोग कुन हदसम्म गरेका छन ?<br>धेरै गरेका छन् (6%) कम गरेका छन् )42%) गरेको छैनन् )52%) |
| 15 | तपाईको विचारमा वडा र यसका सेवाप्रदायकहरुले नागरिक वडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ?<br>ठीकै गरेका छन् (70%) धेरै कम गरेका छन् (30%) |
| 16 | तपाईको विचारमा उजुरी तथा गुनासौं पेटीकाको उपयोग कुन हदसम्म भएको छ ?<br>ठिकै भएको छ (68%) कम भएको छ (30%) धेरै भएको छ (2%) |
| 17 | सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो ?<br>पाएँ )7*%) ठीकै पाएँ )22%) स्पष्ट पाइँन )0%) |
| 18 | वडाले राजस्व, शुल्क, सेवादस्तुर को–कोसँग उठाउने गर्दछ ?<br>राजश्व बुझाउनु पर्ने सबै व्यक्तिसँग उठाउँछ )96%) सबैसँग उठाउँछ (4%) |
| 19 | कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?<br>राम्रो छ )0%) ठीकै छ (98%) खराब छ )2%) |
| 20 | कार्यालयमा सेवा प्रवाह र कार्यसम्पादन सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ?<br>तुरुन्तै हुन्छ )0%) जति भने पनि हुन्न )4%) पटक पटक भने पछि मात्रै हुन्छ )96%) |
| 21 | तपाईको विचारमा वडाले पूर्वाधार सम्बन्धी कार्यक्रम कस्तो किसिमले गर्छ ?<br>ठीकै गर्छ )94%) नियमित र राम्रोसँग गर्छ )6%) |
| 22 | तपाईको वडामा विकास निर्माणको स्थिति कस्तो छ ?<br>राम्रो छ )4%) ठीकै छ )90%) खराब छ )8%) |
| 23 | तपाईको वडामा संचालन गरेका आयोजनाहरु कत्तिका प्रभावकारी छन् ? |

| | |
|---|---|
| | ठीक छन् (94%) प्रभावकारी छन् )0%) प्रभावकारी छैनन् )6%) |
| 24 | वडाको आयोजना सम्पन्न भएपछि जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?<br>पर्दैन )100%) रकम नदिए अप्ठ्यारो पार्छन् (0%) मागेरै लिन्छन् )0%) |
| 25 | आयोजना सञ्चालन गर्दा वडावाट प्राविधिक सहयोग कत्तिको पाउनु भयो ?<br>कहिलेकाँही पाइन्छ )92%) सजिलै पाइन्छ )0%) माग गर्दा पनि पाइदैन )8%) |
| 26 | वडामा विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनु हुन्छ ?<br>सोधेपछि पाइन्छ )94%) सोधे पनि पाइदैन) 6%) |
| 27 | आयोजना सञ्चालन गर्दा वडाबाट कत्तिको सहयोग पाउनु भएको छ ?<br>धेरै सहयोग पाएको छुँ (0%) ठीकै सहयोग पाएको छुँ )86%) निरुत्साहित गरिन्छ । )14%) |
| 28 | वडाको आर्थिक श्रोत कस्तो छ ?<br>कम श्रोत उपलब्ध छ (62%) अति कम श्रोत उपलब्ध छ (38%) |
| 29 | काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?<br>ठीकै (98%) अति सरल )0%) जटिल )2%) |
| 30 | वडाको आम्दानी र खर्च कार्यालय बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो ?<br>टाँसेको देखेको छुँ )40%) कहिलेकाही टाँसेको देखिन्छ )40%) खै कतै देखिएन )20%) |
| 31 | कार्य सम्पन्नको आधारमा मूल्यांकन भएको छ कि छैन ?<br>भएको छ )4%) ठीकै मूल्याङ्कन हुने गरेको छ )84%) भएको छैन )12%) |
| 32 | यस वडाको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?<br>अलि अलि जानकारी पाएको छुँ )74%) कुनै जानकारी पाएको छैन (24%) जानकारी पाएको छुँ )2%) |
| 33 | वडाले निर्माण गरेका ऐन, नियम, निर्णय, बजेट कार्यक्रम, कार्यप्रगति आदी सम्बन्धी विवरण सार्वजनिक हुने गर्दछ ?<br>हुने गरेको छैन )100%) |
| 34 | वडा कार्यालयबाट तपाईले चाहेको विवरण माग गर्दा वा आवश्यक पर्दा पाउँनु भएको छ ?<br>धेरै पटक भनेपछि पाएँ (96%) वास्ता नै गरिएन )4%) |

अनुसुची ३

बर्हिगमन अभिमत **(Exit Poll)** संकलन

**जम्मा ५० जना**

| | |
|---|---|
| 1 | सेवा लिदा कोसँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई जानकारी भयो ?<br>ठीकै (100%) अति स्पष्ट (0%) अस्पष्ट (0%) |
| 2 | सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यक्ता र अपेक्षा कति बुझे जस्तो लाग्यो ?<br>ठीकै (98%) थोरै (2%) |
| 3 | तपाईप्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?<br>ठीकै (98%) मिलनसर मैत्रीपूर्ण (2%) खासै राम्रो व्यहार गरेनन् (0%) |
| 4 | सेवा प्राप्त गर्न आवश्यमक सूचनाहरु (प्रमाण,कागजात) र शुल्क, दस्तुर बारे तपाईलाई सेवाप्रदाय कर्मचारीले स्पष्ट जानकारी गरे ?<br>अति स्पष्ट गरीदिए (4%) ठीकै (96%) |
| | |
| 5 | तपाईंले राख्नु भएका समस्यालाई के कस्तो समाधान दिए ?<br>ठीकै (96%) अति सजिलो तरीकाबाट समाधान दिए (2%) समाधान दिन सकेनन् (2%) |
| 6 | तपाईलाई सेवाप्राप्त गर्न अपनाईएका प्रकृया के कस्तो लाग्यो ?<br>अति सजिलो (2%) ठिकै (98%) लामो र झन्झटिलो (0%) |
| 7 | **तपाईँलाई यस वडा कार्यालयका राम्रा लागेका पक्षहरु के के छन् ?**<br>1. कार्यालयको सरसफाईको अवस्था राम्रो छ ।<br>2. भवन सुविधा सम्पन्न छ ।<br>3. सेवा प्रदायक कर्मचारीले भनेको काम समयमा गरिदिने गरेको छन् ।<br>4. कर्मचारीहरुको व्यवहार तथा बोली अति राम्रो छ ।<br>5. कर्मचारीहरु कार्यालय समयमा उपस्थित हुने गरेका र कार्यालयमा नियमित भेटिने गरेको छन् । |
| 8 | **यस वडा कार्यालयका सुधार गर्नुपर्ने पक्ष के के छन् ?**<br>1. वडा कार्यालयको बजेट उचित र प्रभावकारी रुपमा प्रयोग गरिनु पर्ने ।<br>2. लक्षित वर्गको लागि क्षमता विकास तथा सीपमूलक तालिमको लागि बजेट तर्जुमा गरिनु पर्ने ।<br>3. वडा कार्यालय परिसरको सरसफाई र गार्डेन बनाउनु पर्ने ।<br>4. योजना तर्जुमा गर्दा सबै वर्ग र समूदायको सहभागिता गराउनुपर्ने ।<br>5. सूचनाको प्रभावकारी प्रसारण र आमा नागरिकलाई पुग्ने गरी सूचना प्रवाह गर्ने ।<br>6. बजेट तर्जुमा भए पश्चात त्यसको जानकारी गराउने र विकास निमार्ण भए पश्चात पनि सार्वजनिक परिक्षण गरिनु पर्ने । |

**मन भण्डारी**

**कार्यक्रम प्रबन्धक, बास नेपाल**